मेरिङदेन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सान्थाक्रा, ताप्लेजुङ

# हेल्थ असिस्टेन्ट तथा अक्जुलरी नर्स मिडवाईफ पदका लागि प्रारम्भिक योग्यताक्रम सूची सम्बन्धी मापदण्ड, २०७६

प्रस्तावना: यस गाउँपालिका अन्तर्गत रहने विभिन्न स्वास्थ्य चौकीहरुको दरवन्दीमा सेवा करारमा कर्मचारी भर्ना गरी काममा लगाउन पदपूर्ति प्रक्रिया सम्बन्धमा व्यवस्था गर्न आवश्यक भएकोले मेरिङदेन गाउँपालिका पदपूर्ति समितिबाट यो मापदण्ड स्वीकृत गरी लागू गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ:**

क. यस मापदण्डको नाम " हेल्थ असिस्टेन्ट तथा अक्जुलरी नर्स मिडवाईफ पदका लागि प्रारम्भिक योग्यताक्रम सूची मापदण्ड, २०७६" रहेको छ ।

ख. यो मापदण्ड स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा:** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

क. "गाउँपालिका" भन्नाले मेरिङदेन गाउँपालिकाको कार्यालयलाई सम्झनुपर्छ ।

ख. "समिति" भन्नाले मेरिङदेन गाउँपालिकाको पदपूर्ति समितिलाई सम्झनुपर्छ ।

**३. प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन गर्ने:** तोकिएको म्याद समाप्त भएको मितिले ७ दिन भित्रमा योग्य ठहरिएका आवेदकहरु मध्येबाट उपलब्ध भएमा प्रत्येक पदमा २० जना र नभएमा उपलब्ध संख्याका उम्मेद्वारको प्रारम्भिक योग्यतक्रम सूची प्रकाशन देहाय बमोजिम गर्नुपर्नेछ ।

क. शैक्षिक योग्यताको आधारमा:-

**कुल अंक: १५**

| न्यूनतम शैक्षिक योग्यता | अंकभार |
|---|---|
| Distinction | १० |
| First Division | ९ |
| Second Division | ८ |
| Third Division | ७ |
| न्यूनतम भन्दा माथिल्लो शैक्षिक योग्यता वापत | ५ |

ख. बसोबासको आधारमा:-

**कुल अंक: १५**

| | |
|---|---|
| गाउँपालिका भित्र | १५ |
| जिल्ला भित्र | १० |
| प्रदेश भित्र | ५ |

ग. सम्बन्धित पदमा काम गरेको अनुभवका आधारमा:-

**कुल अंक: ५**

| | |
|---|---|
| पाँच वर्षभन्दा बढी भएमा | ५ |
| तीन देखि पाँच वर्षसम्म भएमा | ४ |
| दुई देखि तीन वर्षसम्म भएमा | ३ |
| छ महिना देखि एक वर्ष सम्म भएमा | २ |

घ. जम्मा कुल अंक: ३५ रहनेछ।